आकाशवाणी

प्रमुख समाचार

- केन्द्रिय मन्त्रीमण्डलद्वारा शुभान्शु शुक्लाको अन्तरिक्ष यात्राको सराहनामाथि प्रस्ताव पारित
- आर्थिक मामिला मण्त्रिमण्डलीय समितिद्वारा **NTPC**-को अधिकारमा वृद्धि
- दिल्ली पुलिसद्वारा पाँचजना अवैध बांग्लादेशी पक्राउ
- राष्ट्रिय मानवाधिकार आयोगद्वारा पाँच सदस्यलाई जलाएर मारिएको घटनामा अधिकारीहरूलाई नोटिस जारी अनि
- भारत र इङ्लेन्डबीच एक दिवसीय श्रीङ्खलाको पहिलो खेल जारी

**Cabinet - Shubhanshu Shukla**

केन्द्रिय मण्त्रीमण्डलले अन्तरिक्ष यात्री शुभान्शु शुक्लाको अन्तरिक्ष यात्राको सराहनामाथि प्रस्ताव पारित गरेको छ। ग्रुप क्याप्टन शुभान्शु शुक्ला हिजो आफ्नो अन्तरिक्ष यात्राबाट सुरक्षित पृथ्वीमा वापस आउनुभयो, जुन भारतको अनन्त आकांक्षाहरूको प्रतिक हो।

नयाँ दिल्लीमा आज मन्त्रीमण्डलको बैठकपछि संवाददाताहरूलाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, श्री शुभान्शु शुक्लाको अन्तरिक्ष मिशनले भारतलाई आफ्नो अन्तरिक्ष स्टेशन बनाउने दिशामा एक कदम अघि बढ़ाएको छ। श्री शुक्लाको प्रगतिबारे बोल्दै उहाँले भन्नुभयो................

श्री वैष्णवले भन्नुभयो, मन्त्रीमण्डल, भारतीय अन्तरिक्ष अनुसन्धान संगठन र वैज्ञानिक तथा अभियन्ताहरूको सराहना गर्दछ, जसको अथक प्रयासबाट यो उपलब्धी सम्भव भएको हो। श्री वैष्णवले भन्नुभयो, शुभान्शु शुक्लाले सूक्ष्मगुरुत्वमा मांसपेशी पुनर्जनन, शैवाल र सूक्ष्मजीवको वृद्धि, फसल व्यवहारिकता, माइक्रोब्सको जीवनको सम्भावना र मानवको सम्झने-बुझ्ने क्षमतामाथि अन्तरिक्षको असरको अध्ययन र साइनोबेक्टीरिया जीव-को व्यवहार जस्ता विषयमाथि अग्रणी प्रयोग गर्नुभएको छ।

यसरी नै मन्त्रीमण्डलले कृषि उत्पादकता बढ़ाउन प्रधानमन्त्री धन-धान्य कृषि योजनालाई पनि स्वीकृति दिएको छ। यस योजनाको उद्देश्य फसल विविधीकरण र टिकाऊ कृषि पद्धतीलाई प्राथमिकता दिनु, कटाईपछि भण्डारण क्षमता बढ़ाउनु, सिँचाई सुविधामा सुधार र ऋणको उपलब्धतालाई सुगम बनाउनु हो।
पछि पत्रकारहरूसित कुराकानी गर्दै मन्त्री श्री वैष्णवले यस योजनाअन्तर्गत देशमा सयवटा जिल्लाको पहिचान गरिने, जुन तीनवटा प्रमुख संकेतकहरू कम उत्पादकता, कम फसल सघनता र कम ऋण वितरणमाथि आधारित हुनेछ।

**---------------------------------------X---------------------------------------**

**CCEA - NLC India**

आर्थिक मामिला मण्त्रीमण्डलीय समितिले **NTPC**-को अधिकारमा वृद्धि गर्दै यसलाई विद्यमान दिशा-निर्देशबाट छूट दिने स्वीकृति दिएको छ। यसपछि, अब नवरत्न कम्पनी **NTPC**-ले आफ्नो सहयोगी एकाई **NTPC** हरित उर्जा लिमिटेडमा निवेश गर्न सक्नेछ। यसका साथै **NGEL**-ले पनि **NTPC** नवीकरणीय ऊर्जा लिमिटेड र यसका अन्य संयुक्त उद्यमहरूमा निवेश गर्न सक्नेछ। यो वर्ष 2032-सम्ममा साठ्ठी गीगावाट नवीकरणीय ऊर्जा क्षमता प्राप्त गर्न नवीकरणीय ऊर्जा क्षमता संवर्धनका लागि पूर्व निर्धारित सात हजार पाँच सय करोड़ रूपियाँको सीमादेखि बढ़ेर बीस हजार करोड़ रूपियाँ भएको छ। सूचना एवं प्रसारण मन्त्री श्री वैष्णवले यसबारे बोल्दै भन्नुभयो..........

उहाँले भन्नुभयो, **NTPC** र **NGEL**-लाई दिइएको यस वृद्धि प्रत्यायोजनबाट देशमा नवीकरणीय परियोजनाहरूको त्वरित विकासमा सहयोग मिल्नेछ।

मन्त्रीमण्डलीय समितिले केन्द्रिय सार्वजनिक क्षेत्रका नवरत्न कम्पनीहरूमाथि लागू विद्यमान निवेश दिशा-निर्देशबाट **NLC** इण्डिया लिमिटेड (**NLCIL**)-लाई पनि विशेष छूटको स्वीकृति दिएको छ। सूचना तथा प्रसारण मन्त्री श्री वैष्णवले भन्नुभयो, यस निर्णयबाट **NLCIL**-ले आफ्नो पूर्ण स्वामित्व भएका सहायक कम्पनी, **NLC** भारत नवीकरणीय लिमिटेडमा सात हजार करोड़ रूपियाँको निवेश गर्न सक्नेछ। उहाँले भन्नुभयो, यस छूटको उद्देश्य वर्ष 2030-सम्म दश गीगावाट नवीकरणीय ऊर्जा क्षमता विकसित गर्ने **NLCIL**-को महत्वाकांक्षी लक्ष्य पूरा गर्नु हो। श्री वैष्णवले भन्नुभयो, भारतले हरित ऊर्जा क्षमतामा पचास प्रतिशतको लक्ष्य पार गरेको छ र भारत कोप-26-अन्तर्गत आफ्नो प्रतिबद्धता पूरा गर्ने दिशामा छ।

---------------------------------------X---------------------------------------

**Delhi- Illegal Bangladeshis**

दिल्ली पुलिसले शहरको पालम क्षेत्रबाट पाँचजना अवैध बांग्लादेशी नागरिकलाई पक्राउ गरेको छ। पुलिसकाअनुसार पक्राउ परेकाहरूमा तीनजना पुरुष र दुई महिला शामेल छन्। पुलिसले भनेको छ, यी सबै अवैध बांग्लादेशी नागरिक वर्ष 2017-देखि देशमा बिना वैध दस्तावेज रहँदै गरेका थिए। उनीहरूबाट बांग्लादेशको पहिचान पत्र पनि जफ्त गरिएको छ। पुलिसले भनेको छ, उनीहरूलाई केही अवैध बांग्लादेशी प्रवासी पालम गाउँ क्षेत्रमा घुमिरहेको जानकारी प्राप्त भएको थियो। सूचनामाथि कार्यवाही गर्दै पुलिसले संदिग्ध व्यक्तिहरूसित सम्पर्क गरेर उनीहरूबाट पहिचान दस्तावेज माग्नका साथै गहन सोधपुछ गऱ्यो।

---------------------------------------X---------------------------------------

**NHRC-Bihar**

राष्ट्रिय मानवाधिकार आयोगले बिहारको पूर्णियामा एउटा परिवारका पाँच सदस्यवलाई जादू-टुना गरेको सन्देहमा जिउँदै जलाएर मारिएको मामिलामा राज्यका मुख्य सचिव र पुलिस महानिदेशकलाई नोटिस जारी गरेको छ। यस घटनाको बारेमा मिडियाको समाचारको स्वत: संज्ञान लिँदै आयोगले दुई सप्ताहभित्र विस्तृत रिपोर्ट मागेको छ। आयोगले भनेको छ, यदि समाचार सही हो भने यो मानव अधिकारको उल्लंघनको गम्भीर मामिला हो। आयोगले राज्य सरकारलाई निर्देश दिँदै भनेको छ, सोल्ह वर्षका ती नानीलाई उचित मार्गदर्शन र सुरक्षा दिइनुपर्छ, जो पीडित परिवारका एकमात्र जीवित सदस्य र घटनाका प्रत्यक्षदर्शी हुन्।

---------------------------------------X---------------------------------------

**Delhi NHR**

यसैक्रममा, राष्ट्रिय मानवाधिकार आयोगले दिल्ली र ग्रेटर नोएडामा दुईजना साना नानीहरूको डुबेर भएको मृत्युको मामिलामाथि स्वत: संज्ञान लिएको छ। यी दुवै घटना सात जुलाई 2025-मा भएका थिए। आयोगले भनेको छ, यी घटनाहरूमा प्रशासनको लापरवाही देखिन्छ। दिल्लीको घटनामा भनिएको छ, एकजना चार वर्षका नानी उत्तर-पश्चिम जिल्लाको महेन्द्रा पार्क क्षेत्रमा खुल्ला नालीमा झर्दा मृत्यु भयो। यी मामिलालाई गम्भीरतासित हिँदै आयोगले दिल्ली मामिलामा मुख्य सचिव, पुलिस आयुक्त र नगर निगम आयुक्तलाई नोटिस जारी गरेको छ। ग्रेटर नोएडाको घटनाको सम्बन्धमा गौतम बुद्ध नगरका पुलिस आयुक्त र ग्रेटर नोएडा विकास प्राधिकरणका अध्यक्षलाई नोटिस पठाइएको छ।

आयोगले सबै अधिकारीहरूलाई चार सप्ताहभित्र विस्तृत रिपोर्ट बुझाउने निर्देश दिएको छ। आयोगले भनेको छ, रिपोर्टमा यो पनि बताइनुपर्छ कि यस्ता घटनाहरूको रोकथामका लागि कस्तो पहल गरिएको छ।

---------------------------------------X---------------------------------------

**Giriraj-Tokyo**

कपड़ा मन्त्री गिरिराज सिंहले टोक्योमा एउटा वैश्विक कपड़ा केन्द्रका रूपमा भारतको क्षमतामाथि चर्चा गर्नुभयो। श्री सिंहले जापान यात्राको दोस्रो दिन प्रमुख जापानी कम्पनीहरूसित धेरै उच्च-स्तरीय बैठक गर्नका साथै सोल्हौं इण्डिया ट्रेड फेयर 2025-को उदघाटन गर्नुभयो। यो मेला भारतीय कपड़ा निर्यातकहरूका लागि जापानी खरीदारहरूसित सोझै जोड़िने सबैभन्दा ठूला मञ्चहरू मध्ये एउटा हो र यसबाट द्विपक्षीय कपड़ा व्यापार अझ दह्रिलो हुने आसा छ।

---------------------------------------X---------------------------------------

**External Affairs Minister State Travel**

विदेश राज्य मन्त्री पबित्रा मार्गीरिटा अठारदेखि बाहिस जुलाईसम्म अफ्रीकाको लेसोथोको इस्वातिनी र तेहीसदेखि पच्चीस जुलाईसम्म दक्षिण अफ्रीकाको आधिकारिक यात्रामा जानुहुनेछ। श्री मार्गीरिटाले यस अवधि इस्वातिनीका राजा मस्वाती तृतीय र प्रधानमन्त्रीसित भेट गर्नुहुनेछ। उहाँले इस्वातिनीका विदेश मन्त्रीसित बैठकमा आपसी हितका मुद्दामाथि चर्चा र द्विपक्षीय सम्बन्धको प्रगतिको समीक्षा गर्नुहुनेछ। श्री मार्गीरिटाले भारतीय प्रवासीहरूसित पनि भेट गर्नका साथै इस्वातिनीमा भारतको विकास साझेदारी पहललाई उजागर गर्ने कार्यक्रममा भाग लिनुहुनेछ।

---------------------------------------X---------------------------------------

**Women's Cricket – India**

क्रिकेट खेलमा, इङ्लेण्डको महिला टोली समाचार लेखिञ्जेलसम्ममा सत्ताइस ओबरमा चार विकेट गुमाएर एक सय बाहीस रनमा खेलिरहेछ। भारत विरूद्ध भइरहेको तीन खेलको एक दिवसीय श्रृंखलाअन्तर्गत यो पहिलो खेल हो, जुन भारतीय समयानुसार अहिले साँझ साढे पाँच बजीदेखि **Southampton**-को **Rose Bowl** स्टेडियममा भइरहेछ। यो यस वर्षको अन्तमा घरेलू मैदानमा हुने आगामी एक दिवसीय विश्व कपका लागि भारतको तयारीको शुरुवात हो।
हरमनप्रीत कौरको अगुवाईमा भारतले इंलेन्डमा आफ्नो पहिलो **T**-20 श्रीङ्खलाअन्तर्गत पाँचवटा म्याचको प्रतियोगिता तीन-दुईले जितेर आत्मविश्वासका साथ पचार ओबरको प्रारूपमा प्रवेश गऱ्यो। एक दिवसीय श्रृंखलाको दोस्रो खेल शनिवार लन्दनको लर्ड्समा खेलाइनेछ, जसपछि यस महिनाको बाहिस तारिक चेस्टर-ले-स्ट्रीटमा अन्तिम एक दिवसीय खेल खेलाइनेछ।

---------------------------------------X---------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- केन्द्रिय मण्त्रीमण्डलद्वारा शुभान्शु शुक्लाको अन्तरिक्ष यात्राको सराहनामाथि प्रस्ताव पारित
- आर्थिक मामिला मण्त्रिमण्डलीय समितिद्वारा **NTPC**-को अधिकारमा वृद्धि
- दिल्ली पुलिसद्वारा पाँचजना अवैध बांग्लादेशी पक्राउ
- राष्ट्रिय मानवाधिकार आयोगद्वारा पाँच सदस्यलाई जलाएर मारिएको घटनामा अधिकारीहरूलाई नोटिस जारी अनि
- भारत र इङ्लेन्डबीच एक दिवसीय श्रीङ्खलाको पहिलो खेल जारी